नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्या : २०७७/०७८

चलानी नं. : १३९

मिति: २०७७/०७/०४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विषयः- SEDP मा सहभागी मनोनयन गरी पठाउने सम्बन्धमा।**

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/निकाय/कार्यालय ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश) ।

प्रस्तुत सम्बन्धमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको प.सं. PSTD-CIS, च.नं. १२२/०७७/०७८ र मिति २०७७/६/२६ को पत्रानुसार उक्त प्रतिष्ठानमा मिति २०७७/०७/२४ देखि मिति २०७८/०१/२२ गतेसम्म सञ्चालन हुने ३९ औं Senior Executive Development Program (SEDP) मा राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिव वा सोसरहका अधिकृतहरु मनोनयन गर्न लेखी आएकोले तहाँ वा अन्तर्गत कार्यरत उक्त तालिम लिन ईच्छुक राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पदमा कम्तिमा ४ वर्ष सेवा अवधि पूरा भएका (वरिष्ठतमलाई प्राथमिकता दिई) यसै पत्रसाथ संलग्न ढाँचा अनुसार विवरण खुलाई एवम् अद्यावधिक PIS विवरणको प्रिन्ट समेत संलग्न गरी मिति **२०७७/७/१६ गते भित्र मनोनयन गरी** यस मन्त्रालयमा वा यस शाखाको ईमेल ठेगानाः **hrd.moga@gmail.com** पठाई दिनुहुन मिति २०७७/७/०३ को यस मन्त्रालयको निर्णयानुसार अनुरोध छ ।

नोटः *नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त कागजात यसै साथ संलग्न गरिएको छ ।*

२०७७/०७/०४

राजन थापा

शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ४२००२७४

सन्देश सूचना बोर्डः १६१८०१४२००३०९, इमेलः hrd.moga@gmail.com वेबसाइटः http://www.mofaga.gov.np

तपशीलः

| सि.नं. | नाम, थर | पद | हालको पदमा नियुक्ति मिति | हाल कार्यरत कार्यालय | सेवा/समूह/उप -समूह | संकेत नं. | मोबाईल नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २५८०
मिति:- २०७७/७/२

प.सं. PSTD - CIST
च.नं. 122/077/78

मिति : २०७७/६/२६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : Senior Executive Development Program (SEDP) मा सहभागी मनोनयन**

नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको लागि प्रतिष्ठानले संचालन गर्दै आएको Senior Executive Development Programme (SEDP) आ.व.२०७७/७८ को वार्षिक कार्ययोजना अनुरूप मिति २०७७/७/२४ गतेदेखि २०७८/१/२२ गतेसम्म संचालन हुने व्यहोरा जानकारी गराउँदछु । Leadership, Integrity, Strategic Management, Governance र Policy Management गरी पाँच वटा मोड्यूलहरू र Inter Module Action Learning सहितको संलग्न कार्यतालिका बमोजिम संचालन हुने यस कार्यक्रममा सहभागिताका लागि जम्मा २५ जना अधिकृतहरूको मनोनयन गरी निजहरूको नामावली, सम्पर्क मोबाइल नम्बर सहित मिति २०७७/७/१९ गतेभित्र प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । कोभिड-१९ महामारीबाट सिर्जित असहज परिस्थितिमा प्रस्तुत कार्यक्रम निर्धारित मापदण्ड अनुरूप अनलाइन विधिबाट संचालन हुने र सोसम्बन्धी अभिमुखीकरण मिति २०७७/७/२१ गते गराइने व्यहोरा समेत अनुरोध छ ।

**संलग्न** : कार्यक्रमको समयतालिका पाना १

(वसन्तराज सिग्देल)
अध्ययन निर्देशक एवम् कार्यक्रम संयोजक
मोबाइल नं.९८४१३१०८४०